**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ मई २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो नयाँ दिल्लीमा राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री र रक्षामन्त्रीसँग भेट गर्नु भयो।

२. पश्चिम बंगालका शहरी विकास तथा नगरपालिका मामिला मन्त्री अग्निमित्र पलले हिजो राज्यको आगामी मनसुनको तयारीको समीक्षा गर्न उच्चस्तरीय बैठक आयोजना गर्नुभयो।

३. पश्चिम बङ्गाल विधानसभामा विपक्षको नेतालाई मान्यता दिने सन्दर्भमा विवाद लगातार गहिरिँदै गइरहेको छ।

४. पश्चिम एसियामा जारी युद्धले अब पश्चिम बंगालको स्वास्थ्य सेवा प्रणालीलाई पनि असर गर्न थालेको छ।

५. रकारी निर्देश अनुसार हिजोदेखि खरसाङ नगरपालिकाको प्रशासनिक अभिभारा खरसाङ महकुमा अधिकारीले लिनु भएको छ।

**मुख्यमन्त्री सुवेन्दु अधिकारी - दिल्ली**

पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीले हिजो नयाँ दिल्लीमा राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन र रक्षामन्त्री राजनाथ सिंहसँग भेट गर्नु भयो। राष्ट्रपति कार्यालयले सामाजिक संजालमा साझा गरेको तस्बिरहरू अनुसार शुभेन्दु अधिकारी राष्ट्रपति भवनमा राष्ट्रपति मुर्मुसँग भेट्नु भएको छ।

उपराष्ट्रपति कार्यालयले सामाजिक संजालमा जारी गरेको तस्बिरहरूमा मुख्यमन्त्री शुभेन्दु अधिकारीले उपराष्ट्रपति भवनमा उपराष्ट्रपति राधाकृष्णनसँग भेटेको देखिन्छ। भेटको क्रममा उपराष्ट्रपतिले पश्चिम बंगाललाई शान्ति र समृद्धिको बाटोमा डोऱ्याउन र 'विकसित बंगाल' र 'विकसित भारत' को दृष्टिकोण साकार पार्न मुख्यमन्त्रीको प्रयासको लागि शुभकामना व्यक्त गर्नु भयो। सामाजिक संजालमा तस्बिरहरू साझा गर्नु हुँदै रक्षामन्त्रीले हिजो नयाँ दिल्लीमा मुख्यमन्त्री शुभेन्दु अधिकारीसँग भेटेको उल्लेख गर्नु भएको छ। मुख्यमन्त्री सुवेन्दु अधिकारीले दिल्लीमा प्रधानमन्त्री नरेन्द्र मोदीसित उहाँको आवासमा भेट गर्नुभयो। यो भेट राज्यको आगामी मन्त्रिमंडल विस्तार अनि राजनीतिक स्थितिमा चर्चाका लागि खुबै महत्वपूर्ण मानिएको छ। यो भेट अवधि दुइ नेताहरुबीच राज्यको कैबिनेट विस्तारलाई लिएर अन्तिम मोहर लगाउनेमा चर्चा भयो|

**मन्त्री अग्निमित्र पल**

पश्चिम बंगालका शहरी विकास तथा नगरपालिका मामिला मन्त्री अग्निमित्र पलले हिजो राज्यको आगामी मनसुनको तयारीको समीक्षा गर्न उच्चस्तरीय बैठक आयोजना गर्नुभयो। बैठकको क्रममा विभिन्न नगरपालिका निकाय तथा निगमका वरिष्ठ अधिकारीहरूसँग बाढी र पानी जम्नबाट रोक्ने उपायहरूबारे छलफल गरियो। बैठकमा शहरी विकास तथा नगरपालिका मामिला विभागका अतिरिक्त मुख्य सचिव खलील अहमद, कोलकाता नगरपालिकाका आयुक्त स्मिता पाण्डे र राज्यभरका नगरपालिका निकायका वरिष्ठ अधिकारीहरू उपस्थित थिए। धेरै अधिकारीहरू भिडियो कन्फरेन्सिङमार्फत बैठकमा सामेल भएका थिए।

बैठकपछि मन्त्रीले राज्यमा बाढी जस्तो अवस्था दोहोरिने छैन भनेर सुनिश्चित गर्न तत्काल कदम चालिने बताउनु भयो। उहाँले नाला र ढल निकासको सफाईको काम युद्धस्तरमा गरिने घोषणा गर्नु भयो । मन्त्रीका अनुसार, अघिल्लो तृणमूल कांग्रेस सरकारको कार्यकालमा धेरै आधारभूत मुद्दाहरूलाई बेवास्ता गरिएको थियो, जनताले पानी जम्न र यससँग सम्बन्धित रोगहरूको कठिनाइको सामना गर्नु नपरोस् भनेर यी समस्याहरूलाई समाधान गर्ने प्रयासहरू अहिले भइरहेको छ। उहाँले भन्नु भयो, उत्तर र दक्षिण बंगाल

दुवैमा विशेष सावधानीका उपायहरू लागू गरिनेछ। मन्त्रीले जोड दिनु भयो, उत्तर बंगालका पहाडी जिल्लाहरूमा बाढी जस्तो अवस्था रोक्नु सरकारको लागि विशेष प्राथमिकता हुनेछ, किनकि विगत केही वर्षदेखि भारी वर्षा र पहिरोका कारण यी क्षेत्रहरूले निरन्तर कठिनाइहरूको सामना गरिरहेका छन्।

**विधानसभामा विपक्षको नेता विवाद**

पश्चिम बङ्गाल विधानसभामा विपक्षको नेतालाई मान्यता दिने सन्दर्भमा विवाद लगातार गहिरिँदै गइरहेको छ। निर्धारित समय बितिसकेपछि पनि विपक्षका नेताको कोठामा लगाइएको ताला नखोलिएपछि हिजो तृणमूल कङ्ग्रेसका विधायकहरूले विधानसभा परिसरमा धरना प्रदर्शन शुरू गरे। तृणमूलका 18 जना विधायकहरू विधानसभाभित्र विपक्षका नेताको बन्द कोठा सामु धरनामा बसे।

तृणमूल कङ्ग्रेसले पहिला नै चेताउनी दिएको थियो, यदि शोभनदेव चट्टोपाध्यायलाई औपचारिक रूपमा विपक्षका नेताको मान्यता दिएर उनको कोठा खोलिएन भने पार्टीले विरोध प्रदर्शन गर्नेछ।

**पश्चिम बंगालको स्वास्थ्य सेवा प्रणालीलाई पनि असर**

पश्चिम एसियामा जारी युद्धले अब पश्चिम बंगालको स्वास्थ्य सेवा प्रणालीलाई पनि असर गर्न थालेको छ। राज्य स्वास्थ्य विभागले अस्पतालहरूमा धेरै आवश्यक औषधिहरू सलाइनसहित चिकित्सा उपभोग्य वस्तुहरूको सम्भावित अभावको बारेमा एक सर्कुलर चेतावनी जारी गरेको छ। स्वास्थ्य विभागका अधिकारीहरूले अन्तर्राष्ट्रिय बजारमा निर्भर औषधि, रासायनिक सामग्री, चिकित्सा उपभोग्य वस्तुहरू र प्याकेजिङ सामग्रीहरूको आपूर्तिमा अवरोधका कारण यो अवस्था उत्पन्न भएको बताएको छ। विभागले सबै सरकारी अस्पतालहरू र जिल्ला स्वास्थ्य अधिकारीहरूलाई "सूचीबद्ध नभएको" श्रेणी अन्तर्गत प्रभावित वस्तुहरू खरिद गर्न निर्देशन दिएको छ। सर्कुलर अनुसार प्यारासिटामोल ट्याब्लेट, १०० मिली सलाइन, प्यान्टोप्राजोल ट्याब्लेट, ओरल रिहाइड्रेसन सोल्युसन, मेटफर्मिन ट्याब्लेट, टेलमिसार्टन ट्याब्लेट र डिस्पोजेबल सिरिन्जहरूको आपूर्ति प्रभावित भएको छ।

विज्ञहरू अनुसार पश्चिम एसियामा युद्धले माल ढुवानी लागत र इन्धनको मूल्यमा तीव्र वृद्धि गरेको छ, जसले गर्दा नियमित आपूर्ति कायम राख्न गाह्रो भएको छ। यसबाहेक हर्मुजको जलडमरूमबाट माल परिवहन प्रभावित भएको स्थितिलाई झनै बिगारेको छ। यो समुद्री मार्ग विश्वव्यापी व्यापारको लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

**मन्त्री दिलीप घोष**

हिजो मेदिनीपुर बजारको एक ब्यांकको छेउमा आयोजित चियामा एकत्रीकरण कार्यक्रममा राज्यका मन्त्री दिलीप घोषले भाग लिनु भयो। यस अवधि उहाँले स्थानीय मानिसहरू तथा पार्टी कार्यकर्ताहरूसित बातचित गर्नु भयो। बातचितको क्रममा उहाँले क्षेत्रको राजनीतिक एवं प्रशासनिक स्थितिमाथि आफ्नो कुरा राख्नु भयो। मन्त्रीले भन्नु भयो, उहाँ यस स्थानमा पहिला पनि आइसकेका छन् र यहाँ बसेर चिया पिसकेका छन्। उहाँले भन्नु भयो, "यी मानिसहरू पहिला पनि थिए र आज पनि छन्, फरक यति मात्र छ कि अब मेरो जिम्मेवारी बढ़ेको छ साथै मेरो पदोन्नति पनि भएको छ।" उहाँले अझ भन्नुं भयो, सरकारमाथि अब विकास कार्यहरूको ठूलो जिम्मेवारी आइलागेको छ। जनतासम्म प्रशासनिक कामकाजको जानकारी पुर्‍याइँदैछ। श्री दिलीप घोषले दाबी गर्नु भयो, राज्यमा विकास कार्यहरूको शुरूआत भइसकेको छ, तथापि वित्तीय समस्याहरू यथावत छ। उहाँले आरोप लगाउनु भयो, पछिल्लो सरकारले केही "आर्थिक खाल्डो" छोड़िदिएको छ जसलाई भर्न आवश्यक छ।

**खरसाङ नगरपालिका**

सरकारी निर्देश अनुसार हिजोदेखि खरसाङ नगरपालिकाको प्रशासनिक अभिभारा खरसाङ महकुमा अधिकारीले लिनु भएको छ। पश्चिम बंगाल विधानसभा चुनाउमा भारतीय जनता पार्टीको जीत भएसँगै पहाडका तीनवटा नगरपालिकाहरुमा नियुक्त प्रशासकहरुलाई हटाएर नगरपालिकाको जिम्मा महकुमा शासकहरूलाई दिइएको थियो। यस क्रममा हिजो खरसाङ नगरपालिकाको जिम्मेवारी खरसाङ महकुमा शासक आईएएस प्रिया यादवले लिनु भएको छ। खरसाङ नगरपालिकाका पूर्व चेयरम्यान ब्रिगेन गुरुङले आजसम्मको आय व्याय सम्बन्धित दस्तावेजहरू पनि आधिकारिक रूपमा हस्ताक्षर गरेर महकुमा शासकलाई सुम्पनु भएको छ। पूर्व चेयरम्यान ब्रिगेन गुरुङले पहाडका तीनवटा नगरपालिका कालेबुङ, मिरिक र खरसाङमा 2022 सालमा पश्चिम बङ्गालका

राज्यपालद्धारा हस्ताक्षरित सरकारी निर्देश अनुसार विगतका अध्यक्ष र उपाध्यक्षहरूलाई नै प्रशासनिक अभिभारा दिएर राखिएको थियो। वर्तमान पश्चिम बङ्गाल सरकारले अब नगरपालिका चुनाउ गराउने भएको छ। उहाँले हिजो 22 मई 2026 देखि खरसाङ नगरपालिकाको सबै हर हिसाब गरेर महकुमा शासक आईएएस प्रिया यादवलाई सुम्पेको बताउनु भएको छ। श्री गुरुङले 2017 मा गठन भएको खरसाङ नगरपालिकाको बोर्ड 2022 मा सकिए पनि चुनाउ नभएकाले राज्यपालको निर्देशनमा प्रशासक नियुक्त गरिएको र उक्त निर्देशन अनुसार नै आफुहरुले जनताको लागि काम गर्दै आएको बताउनु भएको छ। उहाँले बंगालमा भाजपाको सरकार गठन भएको र अब नगरपालिका चुनाउ हुने भएपछि प्रशासकहरु हटाइएको र चाडै चुनाव होस् भन्ने बताउनु भएको छ।

**बिमल गुरुङ मिरिक आउने**

गोर्खा जनमुक्ति मोर्चाका केन्द्रीय अध्यक्ष बिमल गुरुङ 27 मईको दिन मिरिक आउनु हुने भएको छ। विधानसभा चुनावमा भाजपासित गठबन्धनमा रहेको दल गोजमुमोले चुनाव परिणामपछि संगठन विस्तारलाई बिशेष प्राथमिकता दिदै आएको छ। उक्त दिन मिरिकको व्यवसायी भवनमा एक सभाको आयोजन गरिनेछ, जसलाई मोर्चा अध्यक्षले सम्बोधन गर्ने भनिएको छ। आज मिरिकको पार्टी कार्यलयमा एक प्रेस भेलाको आयोजन गर्दै गोर्खा जनमुक्ति युवा मोर्चाका संयोजक योगेश गोलेले श्री गुरुङको आगमनबारे जानकारी दिनु भएको छ। उहाँले गत बिधानसभामा भाजपा उम्मेदवार सोनाम लामालाई बिपुल मतदान गरी बिजयी बनाएकोमा मोर्चा अध्यक्षले मतदाताहरुप्रति कृतज्ञता प्रकट गर्नु हुनेछ। यसका साथै पार्टीको आगामी रणनीतिबारे पनि चर्चा हुन सक्ने बताइएको छ।

****** ० ******